# पर्सागढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

हरपुर, पर्सा
मधेश प्रदेश, नेपाल


## सुरक्षित नागरिक आवास अनुदान सम्वन्धि निवेदन पेश गर्ने सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७९/११/२८)**

पर्सागढी नगरपालिका अन्तर्गत उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न निरपेक्ष गरिबीको रेखामुनी रहेका र प्रकोपका कारण घरवार विहिन भएका घर परिवारहरुले सुरक्षित आवास निर्माण कार्यका लागि घर निर्माण तथा जस्तापाता लगायतका सामाग्री खरिदको लागि र गरिवीको रेखामुनी रहेका, पराल वा खरको छाना भएका टाटीले बारेको घरमा बस्ने घर परिवारलाई बस्न योग्य घर निर्माणमा सहयोग पुर्याउन **पर्सागढी नगरपालिका सुरक्षित नागरिक आवास कार्यक्रम संचालन कार्यविधि, २०७९** को अनुसूची- २ बमोजिमको ढाँचामा तपसिलको कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारी कार्यालयको वेबसाइट www.parsagardhimun.gov.np मा उपलब्ध छ ।

<u>निवेदन साथ संलग्न कागजातहरु:-</u>

(क) नेपाली नागरिकताको प्रतिलिपी,

(ख) विगत देखि सो स्थानमा स्थायी बसोवास गर्दै आएको प्रमाण,

(ग) जग्गाधनी प्रमाण पुर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्बन्धी कागजात वा आफु स्थायी रुपमा सो स्थानमा बसोवास गर्दै आएको खरको छाना भएको लक्षित परिवार भन्ने सम्बन्धित वडाको सिफारिस,

(घ) हाल बसोबास गरेको एकाघर परिवारको नाममा अन्यत्र कतै घर नभएको स्वघोषणा,

(ङ) घरको फोटो,

(च) सुकुम्बासी भएमा सुकुम्बासी आयोगबाट सुकुम्बासी प्रमाणित भएको वा हाल बसोवास गरिरहेको स्थानमा अस्थायी प्रायोजनको लागि बसोबास गर्न घर निर्माण गर्ने सम्बन्धमा वडा कार्यालयको सिफारिस,

(छ) यस अघि खरको छाना मुक्त गरि जस्तापाताको छाना लगाउने प्रधानमन्त्री सुरक्षीत नागरिक आवासको लाभग्राही सूचिमा नपरेको वा सो सम्बन्धी कुनै सुविधा उपभोग नगरेको,

(ज) वडा कार्यालयबाट सिफारिस भई आएको नामावलीबाट नगरपालिकाले थप घट गर्न सक्ने छ,

..................
प्रमुख प्रशासकीय अधिकृत

**छविरमण भट्टराई**
**प्रमुख प्रशासकीय अधिकृत**
**उपसचिव**

अनुसूची -२
दफा ५ (क) सँग सम्बन्धित
(लाभग्राहीले दिने निवेदनको ढाँचा)

श्रीमान् नगर प्रमुखज्यू,
पर्सागढी नगरपालिका, हरपुर पर्सा ।

विषय : सुरक्षित नागरिक आवास अनुदान सम्बन्धमा ।

म पर्सागढी नगरपालिका .....नं. वडा .......टोलमा स्थायी बसोवास गरिरहेको र मेरो आर्थीक अवस्था अति कमजोर रहेको हुँदा घरको छाना खर, फुस/पराल वाट छाएको छ तसर्थ नगरपालिकाबाट उपलब्ध गराइने सुरक्षित नागरिक आवास कार्यक्रममा समावेश गराई मेरो कि.न.......... को...........क्षेत्रफलमा रहेको घर पुनर्निर्माण गर्नको लागि अनुदान रकम उपलब्ध गराई दिनुहुन निवेदन गर्दछु ।

संलग्न कागजातहरु (भएकोमा मात्र चिन्ह लागाउनुहोस)

१) नेपाली नागरिकताको प्रतिलिपि ।
२) विगतदेखि सो स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण ।
३) जग्गाधनी प्रमाण पुर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको कागजात वा आफु विगत देखि स्थायी रुपमा सो स्थानमा बसोबास गरी आएको खर,फुस/पराल वाट छाएको भन्ने सम्बन्धित वडाको लाभग्राही सिफारिस पत्र (फोटो सहित) ।

निवेदक व्यहोरा ठिक साचो हो भनि

नाम थर..................
ठेगाना...................
सम्पर्क नं................
हस्ताक्षर................

सिफारिस गर्ने :
हस्ताक्षर..........
वडा अध्यक्ष
छाप :

पर्सागढी नगरपालिका